# रत्ननगर नगरपालिकाको आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रम

**सम्मानित सभाका सदस्यहरु,**

यस रत्ननगर नगरपालिकाको सातौ नगर सभाको अवसरमा नेपाली जनताको अथक प्रयास, सदियौं देखिको चाहना, विभिन्न कालखण्ड र समयमा सम्पन्न आन्दोलनको उपलब्धीका रुपमा प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय अभियान लक्षित नीति तथा कार्यक्रम सम्मानित नगरसभामा प्रस्तुत गर्न पाउँदा असीम हर्ष तथा गर्वको अनुभूति गरेको छु । यस अवसरमा सर्वप्रथम लोकतन्त्र प्राप्तिका लागि विभिन्न आन्दोलनमा आफ्नो अमुल्य र अतुल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै, विभिन्न आन्दोलनका घाइते तथा वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

कोरोना भाइरस महामारीका कारण मानव जातिमाथि शताव्दिकै सबैभन्दा ठूलो संकट पैदा भएको छ । कोरोना भाइरसको संक्रमण रोकथाम र नियन्त्रण गर्न रत्ननगर नगरपालिका प्रतिबद्ध छ । यस महामारीबाट संक्रमित भई देश विदेशमा ज्यानु गुमाउनु हुने नेपालीहरुप्रति श्रद्धाञ्जली साथै अन्य देशका नागरिकहरुका शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु । उपचाररत सम्पूर्ण व्यक्तिहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

जोखिमपूर्ण परिस्थितिमा अग्रपङ्क्तिमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइकर्मी, एम्बुलेन्स चालक, पत्रकार लगायत सम्पूर्ण राष्ट्रसेवकको उच्च प्रशंसा गर्दछु । कारोना भाइरस संक्रमण रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले चालेको कदममा पूर्ण साथ दिई सहयोग गर्नुभएकोमा सम्पूर्ण रत्ननगरबासीमा हार्दिक आभार प्रकट गर्दछु ।

महामारी रोकथाम र नियन्त्रणका लागि रत्ननगर नगरपालिकाको कोरोना रोकथाम, नियन्त्रण र उपचार कोषमा रकम उपलब्ध गराउनुहुने साथै जिन्सी राहत सामाग्री र मेडिकल सामाग्रीहरु उपलब्ध गराउनुहुने सबैलाई धन्यवाद दिन चाहन्छु ।

सम्मानित सभाका सदस्यज्यूहरु

नागरिकको सबैभन्दा नजिकको सरकारबाट प्रदान गरिएको सेवा नै छिटो, छरितो र प्रभावकारी हुन्छ भन्ने संघीयताको मूल मर्म अनुरुप नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली सहितको संविधान जारी भई रत्ननगर नगरपालिकाबाट नै नीति, कानुन, योजना तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन भइरहेको र नगरको समग्र विकासमा सर्वसाधारणले नै महसुस गर्न पाउने गरी उल्लेख्य सुधारका कामहरु शुरु भएको जानकारी गराउँदछु ।

रत्ननगर तथा पुर्वी चितवनकै मुख्य अस्पतालको रुपमा रहेको बकुलहर रत्ननगर अस्पतालको पूर्वाधारलगायत क्षमता विकास गरी रत्ननगर नगरपालिका र अन्य सहयोगी हातहरुको संयुक्त पहलमा हालसालै प्रादेशिक अस्पतालमा स्तरोन्नति गर्न सफल भएको जानकारी गराउँदछु । आगामी दिनहरुमा अस्पतालको पूर्वाधार विकास लगायत विशेषज्ञ सेवामा समेत विस्तार भई पूर्वी चितवनका जनताले स्वास्थ्य सेवाका लागि अन्य स्थानमा जानुपर्ने अवस्थाको अन्त्य हुने विश्वास लिएको छु ।

रत्ननगर नगरपालिकाका ८० वर्ष नाघेका ज्येष्ठ नागरिकहरुलाई नजिकैको स्वास्थ्य संस्थामा गई स्वास्थ्य जाँच गर्नपनि समस्या हुनसक्ने अवस्थालाई मध्यनजर गरी ज्येष्ठ नागरिकहरुलाई घरमै गई स्वास्थ्य जाँच गर्ने कार्यक्रमले केही हदसम्म जनताको घरमा सरकारको अनुभूति गराउन सफल भएको छ ।

कृषि व्यवसायको प्रवर्द्धन तथा व्यावसायिक तथा विषयगत क्षमता विकासका लागि कृषि सहकारी भवनको निर्माण प्रक्रिया अन्तिम चरणमा पुगी आगामी आ.व. बाट सञ्चालनमा आउने अवस्थामा पुगेको छ ।

नगरमा पर्याप्त कृषियोग्य जमिन भएको अवस्थालाई मध्यनजर गर्दै पर्याप्त कृषि प्राविधिकहरुको व्यवस्था गरी कृषिमा विउ अनुदान, कृषि यन्त्रमा अनुदान लगायतका कार्यक्रमले नगरमा कृषि उत्पादनमा वृद्धि हुँदै जान थालेको अवस्था छ । जसलाई आगामी आ.व. हरुमा समेत निरन्तरता दिइनेछ ।

स्थानीय तहको हालको परिवर्तित संरचनाअनुसार नगरपालिकामा रहने जनशक्तिहरुलाई उचित कार्यकक्षको व्यवस्थापनका लागि नयाँ प्रशासनिक भवनको उद्‌घाटन गरी दुवै भवनबाट प्रशासनीक कार्यको सञ्चालन प्रारम्भ गरिएको छ ।

नगरका वडा कार्यालयहरुलाई मजवुत बनाउन आफ्नै प्रशासनीक भवन नरहेका वडाहरुमा प्रशासनीक भवनको व्यवस्थाका लागि ठेक्का प्रक्रियाको शुरुवात भई कार्यान्वयनको चरणमा रहेको छ ।

रत्ननगरमा छरिएर रहेका मौलिक संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्न वडा नं. ९ मा निर्माणाधीन वहुसास्कृतिक ग्राम निर्माणको प्रक्रिया अन्तिम चरणमा पुगी आगामी आ.व. बाट सञ्चालनमा आउने अवस्थामा पुगेको छ ।

रत्ननगर नगरपालिकामा ठूला ठूला गोष्ठी सेमिनारहरुको आयोजना गर्न सकियोस भन्ने अभिप्रायका साथ नेपालकै तस्रो पर्यटकीय क्षेत्र सौराहामा आधुनिक सभा हलको निर्माण शुरुवात भएको छ ।

नेपाल सरकार, स्वीस सरकार, नगरपालिका र स्थानीय बासिन्दाको संयुक्त लगानीमा पूर्वी चितवन नदी व्यवस्थापन तथा जिविकोपार्जन सुधार योजना अन्तर्गत नदी कटान नियन्त्रण साथै सिचाई पूर्वाधारको निर्माण सम्पन्न गरिएको छ ।

रत्ननगर नगरपालिका र खैरहनी नगरपालिकाको सिमाना भई बग्ने कयर खोलाको पानीको सिचाईमा उपयोग तथा सम्भावित क्षति न्युनीकरणका लागि रत्ननगर नगरपालिका, खैरहनी नगरपालिका र कालिका नगरपालिकाको संयुक्त पहलमा विस्तृत परियोजना प्रतिवेदन तयार भई स्वीकृतिको चरणमा पुगेको छ ।

रत्ननगर नगरपालिकाको एकमात्र ल्याण्डफिल साइटको समुचित व्यवस्थापन तथा सम्भावित वातावरणीय तथा वन्यजन्तुको क्षति न्युनीकरणका लागि ल्याण्डफिल साइट सुधारका लागि निर्माण कार्य सुचारु भइरहेको छ ।

मानव र वन्यजन्तु बिचको सम्बन्धमा समायानुकुल सुधार साथै वन्यजन्तु र मानिसको अनाधिकृत ओहरदोहरलाई नियन्त्रण गर्न सिमानामा पक्की पर्खाल तथा तारजाली लगाउन शुरू गरिएको छ ।

मानव र वन्यजन्तुबिचको द्वन्द्व न्युनीकरणका लागि चितवन राष्ट्रिय निकुञ्ज र रत्ननगर नगरपालिकाको सहकार्यमा घासेमैदान निर्माण गरिएको छ । यस कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ ।

नगरसँग जोडिएको चितवन राष्ट्रिय निकुञ्जमा रहेका वन्यजन्तुबाट हुन सक्ने भौतिक तथा मानवीय क्षतिमा राहत उपलब्ध गराउन वडा नं. ७ मा रत्ननगर नगरपालिका, WWF, सामुदायिक वन र स्थानीयबासीको संयुक्त लगानीमा वन्यजन्तुबाट हुन सक्ने सम्भावित दुर्घटना वीमा कार्यक्रम लागू गरिएको छ । उक्त बीमा कार्यक्रमबाट एक स्थानीयबासी लाभान्वित समेत भइसकेको यस सम्मानित सभालाई जानकारी गराउँदछु ।

रत्ननगर नगरपालिकालाई खरको छानामुक्त नगरपालिका बनाउने अभिप्रायका साथ गत आ.व. देखि कार्यान्वयन गरिएको जस्तापाता वितरण कार्यक्रमलाई यस आर्थिक वर्षमा निरन्तरता दिई नगरपालिकालाई खरको छानामुक्त नगरपालिका बनाउने लक्ष्यको नजिक पुगेको छौं ।

सम्मानित सभाका सदस्यज्यूहरु,

रत्ननगर नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धि साथै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने हेतुले विद्यालय गाभ्ने र शिक्षक समायोजन गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार बमोजिम रत्ननगर नगरपालिकाले पनि आधारभूत तहसम्मको पाठ्यक्रम स्वीकृत गरी २०७७ सालदेखि लागू गरेको जानकारी गराउँदछु ।

नगरका सहकारीहरुको क्षमता अभिवृद्धि गर्दै वित्तीय अनुशासन कायम गर्नका लागि अनुगमनको कार्यलाई प्राथमिकता दिइएको छ । साथै, सहकारीहरुको गाभिन समेत शुरुवात भएको छ ।

अत : नगरपालिका स्थापना भई हामी जनप्रतिनिधिहरु निर्वाचित भएको छोटो समयमा नै लामो समयको राजनीतिक शून्यतालाई चिर्दै विकास, समृद्धि र सुशासनको पथमा अगाडि बढ्दै गरेको विश्वास दिलाउने पर्याप्त आधारहरु खडा भइसकेको र नगरबाट आगामी दिनहरुमा सम्पादन हुने योजना तथा कार्यक्रमहरुले नगरको दिगो विकासको लागि मजबुत आधार खडा गर्ने विश्वास यस सम्मानित नगर सभाका सदस्यज्यूहरुलाई गराउन चाहन्छु ।

सम्मानित सभाका सदस्य ज्यूहरु,

संविधानबाट स्थानीय तहलाई प्राप्त अधिकार र कार्य सूचीलाई मध्यनजर गर्दै स्थानीय तहसँग नागरिकका आवश्यकता र अपेक्षालाई सम्बोधन गरी यस रत्ननगर नगरपालिकालाई समृद्ध नगरका रुपमा स्थापित गर्न यो नगरसभा महत्वपूर्ण हुने विश्वास दिलाउँदै सबल, सक्षम, सुशासन, पारदर्शिता, जवाफदेही तथा उत्तरदायी स्थानीय सरकारको निर्माणका लागि नगरसभाका निर्णयहरु मार्गदर्शनका हुने विश्वास लिएको छु ।

रत्ननगर नगरपालिकाको आगामी आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम राज्यको लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवादतर्फको यात्रा, नगरपालिकाको व्यावसायिक कृषि पर्यटकीय शहर, स्वच्छ समृद्ध हाम्रो रत्ननगर भन्ने सोचका साथ नेपाल सरकारको “समृद्ध नेपाल, सुखी नेपाली” तथा प्रदेश सरकारको “सुसंस्कृत र सुखी जनता, समाजवाद उन्मुख समृद्ध प्रदेशको राष्ट्रिय र प्रादेशिक आकांक्षा” समेतका आधारमा आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा पछाडि परेका/पारिएका समुदायहरुलाई समेत उच्च प्राथमिकतामा राख्दै र आम नगरबासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी तयार पारिएको छ ।

रत्ननगर नगरपालिकाको नीति, योजना तथा कार्यक्रमहरु पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानूनी प्रबन्ध गर्ने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्ने कार्यहरु नगरसभा, नगर कार्यपालिका, प्रमुख, उपप्रमुख,

प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिहरु, वडा अध्यक्षहरु, नगरकार्यपालिकाका सदस्यहरु तथा वडा सदस्यहरु, विज्ञ सल्लाहकारहरु र कर्मचारी संयन्त्रबाट कार्य भई आएको व्यहोरा अवगत नै छ । नगरद्वारा सम्पादित कार्यहरुमा स्थानीय राजनीतिक दल, बुद्धिजिवी, स्वयंसेवी, नागरिक समाज र आम संचारको भूमिका अझ महत्वपूर्ण रहेको छ । यी सबै पक्षलाई ध्यान दिई नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, विभिन्न विषयगत कानूनहरु, रत्ननगर नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम र सोको कार्यान्वयनको अवस्था, नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, पन्ध्रौं योजना, बागमती प्रदेशको आवधिक योजना, दिगो विकास लक्ष्य र विभिन्न विषय विज्ञहरुबाट प्राप्त सुझावहरु समेतलाई आत्मसात गरी आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

सम्मानित सभाका सदस्यहरु,

संविधानले प्रत्याभूत गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई समुन्नत, समृद्ध बनाई सरकारका विभिन्न तह बिचको सम्बन्धलाई विश्वासिलो बनाउन बहु तह/सरकारका साझेदारीका कार्यक्रमहरु संचालन गरिनेछ । नगरको विकासका लागि संघीय सरकार तथा प्रदेश संग रहेको विज्ञता, विशेषज्ञता, प्रविधि र स्रोत साधन परिचालनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले नगरपालिकाका कार्यहरुमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भ्रष्टाचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ । विकास निर्माण योजना छनौट तथा कार्यान्वयनमा नागरिक सहभागिता, जनअपेक्षाको सम्वोधन तथा जनसरोकारका सवालहरुलाई सम्वोधन गर्ने व्यवस्था मिलाइने छ । स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ । नगरका भौतिक तथा सामाजिक उत्थानका योजनाहरु बनाउँदा वातावरणीय पक्ष, जलवायु परिवर्तन, लैङ्गीक तथा वर्गीय समावेशीतालाई विशेष ध्यान दिइनेछ । नगर निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघसंस्थाहरुको सहकार्यलाई आत्मसात गर्दै सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

दीगो शासन प्रवर्द्धनका लागि आवश्यक कानूनी प्रवन्धहरु (ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, दिग्दर्शन आदि), दीर्घकालिन, आवधिक र विषय क्षेत्रगत योजना, प्रोजेक्ट बैंक, गुरुयोजना तथा नीतिहरु तर्जुमा गरिनेछ । नगर विकास गुरुयोजनामा आधारित भई नगरको दिर्घकालीन विकासका लागि उपलब्ध स्रोत र साधनको परिचालन गर्ने व्यवस्था मिलाइने छ ।

रत्ननगर नगरवासीको जीवन पद्धतिमा अर्थपूर्ण परिवर्तन आउन सक्ने परियोजनाहरुलाई नगरपालिकाको विशेष महत्वका आयोजना मानिनेछ ।

उल्लेखित पृष्ठभूमिमा रत्ननगर नगरपालिकाले आर्थिक वर्ष २०७७/०७८ को लागि निम्न बमोजिमका नीतिहरु अवलम्बन गरिनेछ ।

स्वास्थ्य क्षेत्र

१. कोरोना भाइरसको संक्रमणलाई नगर क्षेत्रमा नियन्त्रणमा राख्न प्रत्येक वडामा आधारभूत सुविधाको प्रत्याभूतिसहित क्वारेन्टाइनको व्यवस्था गरिएको छ, साथै क्वारेन्टाइन व्यवस्थापनलाई व्यवस्थित तथा प्रभावकारी बनाइनेछ ।

२. कोरोना भाइरसको संक्रमणलाई रोक्न खटिने स्वास्थ्यकर्मीहरुलाई पर्याप्त व्यक्तिगत सुरक्षा सामाग्री र प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ, साथै आगामी वर्षमा निरन्तरता दिइनेछ ।

३. कोरोना भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि खर्च हुने गरी पर्याप्त बजेटको व्यवस्था गरिनेछ ।

४. स्वास्थ्य नै धन हो र स्वस्थ नागरिक राज्यको सम्पत्ती हो भन्ने भावना अनुसार समग्र नगरपालिका भित्र स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । स्थानीय तहबाट निःशुल्क वितरण गरिने औषधीलाई समयमै स्वास्थ्य संस्थामा पुऱ्याइनेछ । स्वास्थ्य संस्थाबाट प्रवाह गरिने सेवामा सबैको पहुँचको सुनिश्चितता गरिने छ । स्वास्थ्य संस्थाको क्षमता विकास, जनशक्तिको विकास, पुर्वाधार विकास र स्वास्थ्य उपकरण तथा सामाग्रीको आपुर्तिलाई व्यवस्थित गरिनेछ ।

५. नगरको मुख्य अस्पतालको रूपमा रहेको बकुलर रत्ननगर अस्पतालको सेवा प्रवाह क्षमता र स्तर बृद्धि गरी पुर्वाधार तथा सेवा विस्तारमा सरकारी तथा गैह्रसरकारी सहयोगमा योजना तथा कार्यक्रम संचालन गरिनेछ ।

६. रत्ननगर नगरपालिकामा सुत्केरी हुने महिला तथा शिशुको स्वास्थ्य सुरक्षालाई प्रभावकारी बनाउन आमा र शिशुको स्वास्थ्य परीक्षण सहित शिशुलाई न्यानो कपडा र ब्ल्याण्केट तथा आमालाई पौष्टिक आहार वितरण गर्ने गरी नगर उप-प्रमुखसँग महिला स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

७. प्राथमिक स्वास्थ्य सेवा, मातृ तथा शिशु स्वास्थ्य सेवालाई सम्पूर्ण वडाहरुमा विस्तार गर्न निर्माणाधीन शहरी स्वास्थ्य केन्द्रहरुको निर्माण सम्पन्न गरी दक्ष जनशक्तिसहित सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।

८. जेष्ठ नागरिक, बृद्ध-बृद्धालाई स्वास्थ्य उपचार तथा स्वास्थ्य परीक्षण गर्न घर घरमा दिईदै आएको “जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम” लाई निरन्तरता दिईनेछ । गर्भवती, सुत्केरी तथा नवजात शिशुको स्वास्थ्यमा विशेष ध्यान दिईने छ । “पूर्ण सुरक्षित मातृत्व प्राप्त नगरपालिका” निर्माणका लागी आवश्यक श्रोत साधनको व्यवस्थापन गरिनेछ । वृद्धवृद्धा, आर्थिक स्थिति कमजोर भएका गर्भवती महिलालाई सुत्केरी हुन अस्पताल लैजानका लागि बकुलहर रत्ननगर अस्पतालमार्फत व्यवस्था गरिएको निःशुल्क एम्वुलेन्स सुविधालाई प्रभावकारी बनाइनेछ ।

९. नेपाल सरकारको स्वास्थ्य वीमासम्बन्धि नीतिअनुरुप नगरक्षेत्रका अति विपन्न परिवारहरुको स्वास्थ्य वीमा वडा कार्यालयहरुमार्फत गरिने व्यवस्था मिलाइनेछ ।

१०. नगरक्षेत्रका मृगौला पीडितहरुलाई रत्ननगर बकुलहर अस्पतालमा निःशुल्क डाइलाइसिस सेवा प्रदान गराइदै आएकोमा सोको क्षमता अभिवृद्धि गर्न अन्य निकायहरुको सहयोग एवम् समन्वयमा आवश्यक उपकरणहरुको व्यवस्था गरिनेछ ।

कृषि क्षेत्र

१. विश्वभरि नै कोरोना भाइरसको संक्रमण बढी देशमा लागू भएको लकडाउनले कृषि उत्पादनको आपूर्ति श्रृङ्खलामा नै समस्या देखिन थाली कृषि उत्पादनले मुल्य र बजार समेत पाउन नसकेको, देशमा बेरोजगार जनशक्तिको क्रमिक रुपमा वृद्धि भइरहेको र वैदेशिक रोजगारमा गएका धेरै युवा जनशक्ति पनि स्वदेश फर्कन सक्ने सम्भावना रहेको परिप्रेक्ष्यमा रत्ननगर नगरपालिका र समग्र पुर्वी चितवन क्षेत्रमा रहेका श्रमशक्तिलाई व्यवसायिक र आत्मनिर्भर कृषिमा आकर्षित गरी बेरोजगारीको विकराल समस्या समाधान गर्न, नेपाल सरकार र रत्ननगर नगरपालिकाले तोकेको कृषि उपजको न्युनतम मुल्यमा

नगरपालिकाले नै खरिद गरी कृषकलाई उचित मुल्य उपलब्ध गराई बजारीकरण गर्न, कृषकहरुलाई योजनाबद्ध उत्पादनमा आवद्ध गराउन र कृषि पेशालाई सम्मानजनक व्यवसायको रुपमा स्थापित गर्न प्रदेश मन्त्रालयको समन्वयमा कृषि वस्तु उत्पादन सुरक्षण योजना सञ्चालन गरिनेछ ।

२. नगरपालिकामा सम्भावनाको क्षेत्रको रूपमा रहेको कृषि क्षेत्रको विकासमा विशेष ध्यान दिईने छ । नगरपालिका क्षेत्रभित्र एक अत्याधुनिक शीत भण्डार निर्माण गरिनेछ । साथै नगदेवालीतर्फ कृषकलाई उत्प्रेरित गरी उत्पादन अभिवृद्धि र बजारीकरणका लागी विशेष पहल गरिनेछ ।

३. कृषि विकासका लागी जमिनको खण्डीकरण र बाँझोपना नियन्त्रण गर्न विशेष अभियान संचालन गरिनेछ । साथै कृषि उत्पादन अभिवृद्धिका लागी सिंचाई प्रणाली विकास, कृषिको यान्त्रीकरण, कृषि हाट बजारको संचालन तथा उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइनेछ ।

४. रत्ननगर नगरपालिका क्षेत्रमा मह उत्पादनको अत्याधिक सम्भावना रहेको कुरालाई मध्यनजर गर्दै एक अत्याधुनिक मह प्रशोधन केन्द्रको स्थापना प्रक्रियालाई अगाडि बढाइनेछ ।

५. कृषि व्यवसायको प्रवर्द्धन तथा व्यावसायिक तथा विषयगत क्षमता विकासका लागि निर्माणाधीन कृषि सहकारी भवनको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइने छ ।

६. रत्ननगर नगरपालिकाको कृषकहरुले कृषि कार्यका लागि अन्य क्षेत्र र छिमेकी देशबाट समेत विउ विजन खरिद गर्नुपर्ने अवस्थाको अन्त्य गर्न प्रदेश सरकारको सहयोगमा रत्ननगर नगरपालिका वडा नं. ५ मा निर्माणाधीन विउविजन प्रशोधन केन्द्रको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइने छ ।

७. नगर क्षेत्रमा रहेका बाँझो जग्गाहरुमा कृषक समूह बनाई सामूहीक खेती मार्फत कृषि उत्पादन र उत्पादकत्व बढाउन अनुदान उपलब्ध गराइनेछ ।

८. “बधशाला देखि भान्छासम्म स्वच्छ र स्वस्थ मासु” अभियान अन्तर्गत नेपाल सरकारको सहयोगमा सुविधासम्पन्न वधशाला सञ्चालनमा ल्याइनेछ ।

९. कृषि उत्पादनलाई संरक्षण गर्न तथा कृषि पेशामा व्यावसायिकता प्रवर्द्धन गर्न निजी क्षेत्रको सहकार्यमा नेपालकै पहिलो कृषि अस्पताल निर्माण प्रक्रिया थालनी गरिनेछ ।

१०. रत्ननगर नगरपालिकाको टाँडीमा रहेको तरकारी बजार व्यवस्थापनका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी आयोजना कार्यान्वयन गरिनेछ ।

११. कृषि तथा पशु क्षेत्रको व्यवसाय प्रवर्द्धन गर्न कृषि तथा पशु विकास उपशाखाबाट हुने सम्पूर्ण सिफारिसहरुमा सिफारिस दस्तुर शतप्रतिशत छुट दिइनेछ ।

१२. पशुजन्य पदार्थहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न उत्पादन लागत न्युनीकरणका प्रविधिहरुको प्रयोग, फार्म सुधार र यान्त्रीकरणलाई जोड दिइनुका साथै पशुहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ ।

१३. पशु विकास र कृषिमा आयआर्जन कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ । पशु सुत्केरी स्याहार भत्ता कार्यक्रमलाई वडा कार्यालयमार्फत निरन्तरता दिईनेछ । दुध उत्पादनमा हाल उपलब्ध गराइदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. विउविजन र मल वितरणमा आवश्यक अनुदानको व्यवस्था गरिनेछ । मल तथा विउविजन वितरणका लागि निश्चित समय तालिका बनाएर उपयुक्त समयमा उपयुक्त खालको विउविजन तथा मलखाद उपलब्ध गराउने गरी व्यवस्था मिलाइने छ ।

१५. स्थानीय उत्पादन प्रवर्द्धनका लागि नगरपालिकाका सम्भावित स्थानहरुमा स्थानीय कृषि सहकारी संस्थाहरुलाई कोसेली घरहरु स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

१६. नगरपालिकामा कृषिको दीगो, सन्तुलित र व्यवस्थित विकासका लागि कृषि तथ्यांक अध्यावधिक गरिनेछ । कृषकको वर्गीकरण र पहिचान गरी कृषि पेशाको सम्मान गर्दै व्यावसायिक कृषि सेवा प्रदान गरिनेछ । विषादीरहित स्वस्थ वाली तथा पशुपंक्षी उत्पादनमा जोड दिइनेछ । सामुहिक तथा सहकारी चक्लावन्दी खेतीलाई बिशेष प्राथमिकता दिइनेछ ।

१७. एकीकृत नमुना कृषि फर्म निर्माण गरी कृषि प्रविधिको प्रसार गरिनेछ । युवाहरुलाई कृषि पेशामा लाग्न उत्साहित गरिनेछ ।

१८. नगरक्षेत्र भित्र रहेका कृषियोग्य जमिनमा सिचाइ सुविधाको पहुँच बढाउन रत्ननगर नगरपालिका, खैरहनी नगरपालिका र कालिका नगरपालिकाको संयुक्त लगानी तथा पहलमा केन्द्र र प्रदेश सँग सहकार्य गर्दै कयरखोलाबाट सिचाई हुने व्यवस्था मिलाइनेछ । साथै, डिप बोरिङ, थोपा सिचाइलाई समेत प्रोत्साहन दिइनेछ ।

१९. निर्वाहमुखी खेती प्रणालीलाई व्यावसायिक खेती प्रणालीमा रुपान्तरण गरिनेछ । कृषकहरुलाई अनुदानमा वितरण गरिने कृषि सामाग्री र साना सिँचाई कार्यक्रमलाई निरन्तरता दिइनेछ । स्थानीय मौलिक ज्ञानको संरक्षण र सम्वर्द्धन गरी कृषकलाई अर्ग्यानिक खेतीतर्फ आकर्षित गरिनेछ ।

२०. विषादी प्रयोगलाई नियन्त्रण गरी कृषि उपजमा विषादी न्युनीकरण गर्न एग्रोभेटहरुको अनुगमनलाई तीब्रता दिइनेछ । विषादी प्रयोग न्यूनिकरणका लागि विषादी परिक्षण प्रयोगशाला निर्माण गरिनेछ र Organic खेती गर्ने किसानलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।

२१. कृषिमा सामुहिकता प्रवर्द्धन तथा बजारीकरणका लागि कृषि सहकारी कार्यक्रम संचालन गरिनेछ ।

२२. कृषि उत्पादन मुल्य श्रृंखलालाई रणनीतिक रुपमा अघि बढाइनेछ ।

२३. अनुत्पादक पशु एवं छाडा पशुको व्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ ।

२४. पशुपालक किसानलाई प्रोत्साहन तथा वैकल्पिक उर्जा प्रवर्द्धनका लागि "गोवर ग्यास अनुदान कार्यक्रम" संचालन गरिनेछ । व्यक्तिगत वा सामुहिक रुपमा ५० वटा भन्दा बढी गाइ भैसी पालन गर्ने समुहलाई प्रोत्साहन गरीनेछ ।

शिक्षा, युवा तथा खेलकुद क्षेत्र

१. कोरोना भाइरस महामारीका कारण शैक्षिक संस्थाहरुको सञ्चालनमा बाधा पुग्न गएको हुँदा दुर शिक्षाको विभिन्न माध्यमहरुबाट शैक्षिक सेवा सञ्चालन गरिनेछ । यसका लागि विद्यालयहरुलाई आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ ।

२. शिक्षालाई जीवन उपयोगी र व्यावहारिक बनाइने छ । स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारलाई मध्यनजर गरी प्राविधिक जनशक्ति उत्पादनलाई प्राथमिकता दिइनेछ । सिकाइस्थलको भौतिक सुदृढीकरण, सिकाइ उपलब्धि अभिवृद्धि, शिक्षक कर्मचारी दरवन्दी मिलान, मुल्याङ्कन पद्धतिमा सुधार, सिकाइ सुधार योजना, सूचना तथा सञ्चार प्रविधिको प्रयोग जस्ता कार्य गरी सिकाइ सबलीकरणमा जोड दिइनेछ ।

३. रत्ननगर नगरपालिकामा सीपमुलक जनशक्ति उत्पादनका लागि ४ वटा कलेजहरुमा CTEVT अन्तर्गत डिप्लोमा कोर्सको पढाइ शुरुवात गरिएकोमा मुनाफारहित इन्जिनियरिङ कलेज स्थापनाका लागि प्रक्रिया अगाडि बढाइनेछ ।

४. रत्ननगर नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरुको सिकाई गुणस्तरमा प्राप्त उपलब्धि र विद्यार्थी भर्ना दरमा भएको वृद्धिका आधारमा उत्कृष्ट ठहरिएका विद्यालयहरुलाई पुरष्कृत गरिनेछ । साथै, कमजोर देखिएका विद्यालयहरु छनौट गरी ती विद्यालयहरुको शैक्षिक गुणस्तर र विद्यार्थी भर्ना दरको आधारमा प्रतिस्पर्धा गराई अनुदान/पुरस्कारको व्यवस्था गरिनेछ ।

५. रत्ननगर नगरपालिकाका वालवालिकाहरुलाई विद्यालयमा आकर्षण गर्नका लागि विगतका आर्थिक वर्षदेखि नै सञ्चालित दिवा खाजा कार्यक्रमलाई वडा कार्यालय मार्फत निरन्तरता दिइनेछ ।

६. रत्ननगर नगरपालिकाका विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधारका लागि आधारभुत तह कक्षा/कोठा व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

७. शिक्षकले विद्यालयमा बिताउने समयमा अधिक वृद्धि गर्नका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षक तथा कर्मचारीको विद्युतीय हाजिरी प्रणाली विकास गरिनेछ ।

८. नगरपालिका भित्र निर्माणाधीन आधुनिक पुस्तकालय सम्पन्न गरिनेछ ।

९. सामुदायिक विद्यालयका शिक्षकहरुलाई नियमित तालिम प्रदान गर्नुका साथै शैक्षिक सामाग्रीको उत्पादन र वितरणमा जोड दिइनेछ । “बालबालिकालाई विद्यालयमा ल्याऔं, टिकाऔं र सिकाऔं” कार्यक्रमलाई सफलीभूत पार्न अनाथ र टुहुरा बालबालिकाको शैक्षिक अभिभाकत्व नगरपालिकाबाट लिइने व्यवस्था मिलाइनेछ ।

१०. विशेष आवश्यकता भएका र कमजोर पक्षको शिक्षामा सहज पहुँच र सहभागित सुनिश्चित गर्न निश्चित मापदण्डका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

११. रत्ननगर नगरपालिकामा आधारभुत तह (कक्षा ८) सामुदायिक विद्यालयमा अध्ययन गरी एम. बि. बि. एस., कृषि, इन्जिनियरीङ र वन विज्ञानमा स्नातक तह अध्ययन गर्ने विपन्न विद्यार्थी मध्येबाट हरेक विधामा एक-एक जनालाइ विशेष सहयोग गरिनेछ । साथै, रत्ननगर नगरपालिका भित्रका विद्यालयहरुमा Vocational शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुका लागि छात्रवृत्तिको कार्यक्रम ल्याईनेछ ।

१२. प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयहरुमा आधारभूत प्राथमिक स्वास्थ्य सामाग्री व्यवस्थापनको सुनिश्चितता गरिनेछ । बागमती प्रदेशबाट क्रमिक रुपमा कार्यान्वयन शुरु गरिएको एक विद्यालय एक नर्स कार्यक्रमको प्रभावकारिता सुनिश्चितताका लागि नियमित रुपमा अनुगमन गरिनेछ ।

१३. सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने किशोरीहरुका लागि निःशुल्क स्यानिटरी प्याड वितरण कार्यलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ । व्यक्तिगत स्वास्थ्य र सरसफाइका विविध पक्षबारे किशोरीहरुलाई सुसूचित गर्न र स्यानिटरी प्याडको प्रयोग र व्यवस्थापनका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

१४. नगरपालिकास्तरमा सञ्चालित ट्युशन तथा कोचिङ सेन्टर, शैक्षिक परामर्श केन्द्र, आवधिक तथा छोटो अवधिको तालिम लगायत विद्यालय वाहिर हुने अध्यापन तथा शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने संघ संस्थालाई अनुगमन, मुल्याङ्कन, अभिलेखीकरण र व्यवस्थापन गरिनेछ ।

१५. नगर क्षेत्रभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुको भवनको रङ्ग पहेँलो कायम गर्ने सम्बन्धमा नेपाल सरकारबाट भएको निर्णय कार्यान्वयनमा विशेष जोड दिइनेछ ।

१६. खेलकुद क्षेत्रको विकासमा युवा वर्गलाई परिचालन गरिनेछ । “स्वास्थ्यका लागी खेलकुद”, “मर्यादित र अनुशासित समाजका लागि खेलकुद” जस्ता कार्यक्रम मार्फत समुदायको स्वास्थ्य र सामाजिक विकृति विसंगती जस्ता समस्यालाई समाधान गरिनेछ ।

१७. नगरपालिका क्षेत्रमा *स्वस्थ जीवनका लागि खेलकुद* भन्ने अवधारणालाई आत्ससाथ गर्दै रत्ननगर नगरपालिका वडा नं. ३ मा प्रदेश सरकारको सहयोगमा निर्माणाधीन कभर्ड हललाई सम्पन्न गरिनेछ ।

१८. नगरका युवाहरुलाई उत्प्रेरित गरी सामाजिक तथा उद्यमशीलताको क्षेत्रमा आकर्षण गर्न हरेक वर्ष अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा ५ जना युवाहरुलाई नगर आदर्श युवा पुरस्कार दिई सम्मान गरिनेछ ।

१९. समाजको विकराल समस्याको रूपमा रहेको लागू औषध दुर्व्यसनी विरूद्ध अभियान संचालन गरिनेछ । त्यसका लागी परामर्श, पुर्नस्थापना तथा अभिभावक सचेतना कार्यक्रम संचालनको व्यवस्था मिलाइनेछ ।

भूमि व्यवस्थापन तथा भवन नियमन क्षेत्र

१. नगरपालिकाबाट कार्यान्वयन भइरहेको Online घर नक्सा पास प्रणालीलाई नागरिकको घरदैलोमा पुऱ्याइने व्यवस्थालाई पुर्ण रुपमा कार्यान्वयन गर्न आवश्यक पूर्वाधारहरुको विकास गरिने छ । साथै, पुराना नक्साहरुलाई डिजिटलाईज्ड गर्ने कार्य सम्पन्न गरिनेछ ।

२. बढ्दो शहरीकरणलाई व्यवस्थित गर्न शहरीकरण र पुर्वाधार विकासलाई आवद्ध गरिनेछ र यसका लागि "हाम्रो रहर व्यवस्थित शहर" कार्यक्रम लागू गरिनेछ । शहरी पूर्वाधार निर्माण तथा विकासलाई प्राथमिकतामा राखिने छ । सडकको मापदण्ड कडाइका साथ लागु गरीनेछ ।

३. अस्थायी प्रकृतिका आवासीय भवनहरुको लागि विद्युत मिटर तथा खानेपानी जडानको लागि वडा कार्यालयमा सिफारिस माग भई आएमा उक्त भवनहरुको स्थलगत निरिक्षण गरी नगरको बाटो तथा झ्यालढोका सम्बन्धि मापदण्डहरु पूरा भएको अवस्थामा ७ दिने सूचना प्रकाशन गरी अस्थायी घर नक्सा पास गरी अस्थायी नक्सा पास दस्तुर लिई भवनको क्षेत्रफल सम्पत्ति करमा उल्लेख गरी सम्बन्धित कार्यालयमा सिफारिस गरिने नीतिको शुरुवात गरिनेछ ।

४. प्रत्येक घरपरिवारले आफ्नो घर आँगनमा कम्तिमा २ वटा वहुवर्षीय फलफूलका विरुवा अनिवार्य रुपमा रोप्नुपर्ने व्यवस्था शुरुवात गरिनेछ जसलाई भवन निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउँदा अनिवार्य शर्तका रुपमा कार्यान्वयन गरिनेछ ।

५. व्यावसायिक रुपमा निर्माण हुने घरहरुमा पर्याप्त पार्किङ्गको व्यवस्था अनिवार्य रुपमा गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

६. नयाँ निर्माण हुने व्यापारिक भवनहरुमा भवन निर्माण मापदण्डको व्यवस्था अनुसार अनिवार्य रुपमा अग्नि नियन्त्रक यन्त्र जडान गर्न र सो कार्य सम्पन्न भएपश्चात मात्र भवन सम्पन्न प्रमाणपत्र प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ ।

७. पार्किङ्ग व्यवस्थापनमा बढ्दै गएको चुनौतीलाई संवोधन गर्न पार्किङ्ग स्थलमा निर्माण गरिने संरचना निर्माणमा लाग्ने नक्सापास दस्तुर छुट गरिने छ र पार्किङ्गका लागि प्रयोग गरिएको जग्गामा लाग्ने एकिकृत सम्पत्ति कर समेत छुट गरिने छ । साथै निजी घर निर्माण गर्दा सार्वजनिक पार्किङ्ग समेत हुने गरी निर्माण गरेमा पार्किङ्गका लागि छुट्याइएको क्षेत्रमा नक्सापास दस्तुर छुट गरिने छ ।

८. जमिनको अस्वभाविक खण्डीकरण तथा बस्ती विकासलाई नियन्त्रण गरिने छ । यसका लागि प्रचलित कानून तथा नगरपालिकाबाट लागू गरिएको जग्गा विकास कार्यविधि, २०७५ लाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

९. जग्गा–जमिन प्रयोगलाई वैज्ञानिक बनाइने छ । नगरपालिका क्षेत्र भित्रका जग्गा उपयोग गर्न तथा उत्पादनशीलता अभिवृद्धिका लागी भू–उपयोग नीति बनाई लागू गर्ने व्यवस्था मिलाईने छ ।

१०. नगरभित्र निर्माण हुने भवनलाई सुरक्षित बनाउन नगरक्षेत्रमा उपलब्ध श्रमिक ठेकेदारहरुलाई भवन निर्माण मापदण्ड, २०७२ सम्बन्धि अभिमुखीकरण तालिम प्रदान गरी सुरक्षित आवासको सुनिश्चितताका लागि त्यस्ता तालिमप्राप्त श्रमिक ठेकेदारहरुबाट मात्र निर्माण कार्य गर्ने गराउने विषयलाई प्राथमिकता दिइनेछ ।

११. नगरपालिका, UN Habitat र लुमन्तीको संयुक्त पहलमा पहिचान गरिएको भूमिहिन सुकुम्वासीलाई नेपाल सरकारबाट जग्गा उपलब्ध गराउन पहल गरिने छ । पहिचान गरिएका सुकुम्बासीहरुलाई बसोबासको ब्यबस्था गरिनेछ । यसको शुरुवातमा बुच्चे सालघारीमा Housing को निर्माण प्रक्रिया अगाडि बढाइएकोमा अन्य स्थानमा पनि विस्तार गरिनेछ । सुकुम्वासीको नाममा जथाभावी सार्वजनिक जग्गा कब्जा गर्ने, संरचना निर्माण गर्ने कार्यलाई कानूनको दायरामा ल्याइने छ । साथै वास्तविक सुकुम्वासीको पहिचान गरी उनीहरुको जीवनस्तर सुधारका लागी विशेष कार्यक्रम संचालन गरिने छ ।

१२. उपयोगविहीन अवस्थामा रहेका संघसंस्थाका जग्गा तथा  सरकारी जग्गाहरुको पहिचान गरी लगत खडा गरेर सार्वजनिक पार्क तथा अन्य सार्वजनिक उपयोगका क्षेत्रमा प्रयोग गर्ने नीति लिइनेछ ।

१३. सार्वजनिक जग्गा संरक्षण कार्यक्रमलाई निरन्तरता दिइने एवम् प्रभावकारी बनाइने छ । सार्वजनिक जग्गा अतिक्रमणका विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरिने छ । सार्वजनिक जग्गा संरक्षणका लागि नगरमा क्रियाशील राजनैतिक, सामाजिक व्यक्तित्व, उद्योगी, व्यापारी तथा प्रवुद्ध व्यक्तिलाई सार्वजनिक जग्गा संरक्षणमा परिचालन गर्ने व्यवस्था मिलाइने छ । सार्वजनिक जग्गा संरक्षण अभियानलाई वडा, टोल र वस्ति स्तरमा विस्तार गरी सार्वजनिक जग्गा संरक्षण प्रति समुदायको परिचालन र अपनत्वको विकास गरिनेछ ।

पूर्वाधार क्षेत्र

१. टुक्रे र खुद्रे विकास प्रयासले मात्र हाम्रो समृद्धि सम्भव छैन । हाम्रो लगानीलाई नतिजामा आवद्ध गरी विकासका ठूला पूर्वाधारमा लगानीलाई केन्द्रीकृत गर्न आवश्यक छ । तसर्थ हाम्रो विकास प्रयासलाई सार्थक बनाउन रत्ननगर समृद्धिका योजना कार्यान्वयन गरिनेछ । यसका लागि सरकारी, गैह्रसरकारी संस्था, विकास साझेदारबाट प्राप्त सहयोग समेत परिचालन गरिनेछ । जस अन्तर्गत पूर्वाधार विकास, पर्यटन क्षेत्र विकास, कृषि, शिक्षा, स्वास्थ्य क्षेत्रको सुदृढीकरण, वातावरण संरक्षण जस्ता क्षेत्रमा लगानीलाई केन्द्रीत गरिने छ ।

२. रत्ननगर नगरपालिकाका १६ वटै वडाहरुमा वडा कार्यालय भवन निर्माण गर्ने कार्यक्रम सम्पन्न गरिनेछ ।

३. नगरका आयोजनाहरुको पहिचान, प्राथमिकीकरण, छनौट र मुल्याङ्कन जस्ता क्रियाकलापलाई तथ्यपरक एवम् मापदण्डमा आधारित बनाउन नगर आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली तयार गरी सञ्चालनमा ल्याइने छ ।

४. नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माणसम्बन्धि योजनाहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरु साथै सम्पन्न विकास निर्माण सम्बन्धि योजनाहरुको गुणस्तर सुनिश्चित गर्न आधुनिक प्रविधिमैत्री ल्याव स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

५. सार्वजनिक सवारी साधन तथा निजी सवारी साधनहरु सार्वजनिक बाटो तथा राजमार्गमा पार्किङ्ग गरिदै आएकोमा त्यस्तो अवस्थाको अन्त गरिने छ । सौराहाचोक र सौराहामा रहेको बसपार्कलाई व्यबस्थित गरी सुचारु गरीनेछ । नगरपालिकाले निर्माण गरेको वा तोकेको स्थानमा मात्र पार्किङ्ग गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिने छ । यसका लागि निजी क्षेत्रसँग साझेदारी गर्ने नीति समेत अवलम्बन गरिने छ ।

६. उत्पादनमुलक, नतिजामुखी, रोजगारीमुलक र आय आर्जन हुने क्षेत्रका पूर्वाधार विकासमा निजी क्षेत्र, सहकारी क्षेत्रका साथै अन्य क्षेत्रसँग बहुपक्षीय साझेदारी गरिने छ ।

७. योजना प्रणालीलाई पारदर्शी, वस्तुनिष्ट र यथार्थमा आधारित बनाउन रु. ५० लाख भन्दा ठूला योजनामा तेश्रो पक्ष मुल्याङ्कन प्रणालीलाई निरन्तरता दिईनेछ ।

८. सार्वजनिक निर्माण कार्यलाई प्रभावकारी बनाउन रु. २० लाखभन्दा बढी लागत अनुमान भएका योजनालाई इ-टेण्डर मार्फत बोलपत्र आह्वान गरी निजी क्षेत्र मार्फत प्रतिस्पर्धा गरी सञ्चालन गरिनेछ ।

९. नगरले स्थानिय उपभोक्ताको सहभागिता बढी रहने क्षेत्रका योजनाहरुलाई उच्च प्राथमिकता दिई योजनाहरु कार्यान्वयन गर्नेछ । यसरी उपभोक्ताबाट उच्च साझेदारी रहने योजनाहरुको सहभागिता रकम नगरपालिकाको बैंक खातामा दाखिला गरी सो को भौचर पेश भए पश्चात मात्र योजना कार्यान्वयन प्रकृयामा लगिनेछ । नगरपालिकाले उपभोक्तासँग लागत सहभागितामा निर्माण गर्ने योजनाहरुमा न्युनतम जनसहभागिता देहाय बमोजिम रहनेछ ।

तपशिल :

क) कालोपत्रे, पेटी निर्माण - २० प्रतिशत

ख) नाला, कल्भर्ट, उच्चस्तरीय ग्रावेल, कुलो, बाँध, सिचाइ, भवन निर्माण - १० प्रतिशत

ग) ३ मि. को बाटोमा मोजाइक टाइल निर्माण - ६० प्रतिशत

यसरी जनसहभागिता तोकिएको क्षेत्रमा पर्ने ल्याण्डफिल साइट क्षेत्र, ढल प्रशोधन केन्द्र आसपासका क्षेत्र, विपन्न सुकुम्बासी बसोबास गर्ने स्थानका योजनाहरु, विद्यालय, सामुदायिक भवन, धार्मिक संरचनाहरुमा श्रम सहभागितालाई प्रोत्साहन गरी नगद सहभागितालाई एच्छिक गरिनेछ ।

पर्यटन क्षेत्र

१. रत्ननगर नगरक्षेत्र साथै पुर्वी चितवनको ठूलो सम्भावनाको रुपमा रहेको पर्यटनलाई विश्वव्यापी रुपमा फैलिइरहेको कोरोना भाइरस तथा नेपाल सरकारबाट लागू गरिएको बन्दाबन्दीले गम्भिर असर पारेको परिप्रेच्क्षमा रत्ननगर नगरपालिका क्षेत्रमा पर्यटकीय पूर्वाधार विकासका लागि सार्वजनिक निजी लगानीलाई प्रोत्साहित गरिनेछ । रत्ननगर नगरपालिका क्षेत्रमा वाटर किङ्गडम, गल्फकोर्स निर्माण जस्ता ठूला दीर्घकालीन महत्व राख्ने आयोजनाहरु सार्वजनिक निजी साझेदारी मोडेलमा सञ्चालनका लागि प्रक्रिया अगाडि बढाइनेछ ।

२. पुर्वाधार क्षेत्र विकाससँग पर्यटन विकास र प्रर्वद्धनलाई आवद्ध गरिनेछ । पर्यटकीय पुर्वाधारका रूपमा सौराहा क्षेत्रमा आधुनिक पर्यटन वसपार्क, पर्यटन सुचना केन्द्रको निर्माण गरिनेछ । यसका लागि

नगरपालिकाको आन्तरिक श्रोतका अलावा केन्द्र सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान र सहयोगको परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

३. अन्तर्राष्ट्रिय रुपमै ख्यातिप्राप्त सौराहा क्षेत्र साथै नगर क्षेत्रको प्रचारप्रसारका लागि त्रिभुवन अन्तर्राट्रिय विमानस्थल, भैरहवा विमानस्थल र भरतपुर विमानस्थलमा डिजिटल डिस्प्ले वोर्ड जडान गर्न पहल गरिनेछ ।

४. रत्ननगर नगरपालिका वडा नं. ५ भ्रुवानीमा नेपाल सरकार, शहरी विकास मन्त्रालयको सहयोगमा निर्माणाधीन बहुसांस्कृतिक पार्कको निर्माण सम्पन्न गरिनेछ ।

५. यस नगरले प्रत्यक्ष लाभ लिने गरी पूर्वी चितवन स्तरको सौराहा, ईको पार्क तथा बहु-साँस्कृतिक ग्राम, मनी खोला पार्क, कृष्ण मन्दिर, हरिहर मन्दिर, चित्रसेन, बुद्ध गुम्वा, उपरदाङ्गगढी, सिराईचुली, कंकालीकोट, परेवाकोट, लोथर भण्डारा ड्याक, जनकौली हुँदै पुन : सौराहासम्मको सहज पर्यटक सर्कीट तथा रीङ्ग रोड निर्माण गरी सवै पूर्वी चितवका प्रमुख पर्यटकीय केन्दमा सहज आवागमन पुऱ्याई पर्यटकीय गतिवधी बृद्धि गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी प्रदेश सरकार स्तरको योजना छनौट गरी कार्यान्वयनमा ल्याउने गरी कार्य आरम्भ गरिनेछ ।

६. रत्ननगर नगरपालिकामा पर्यटकीय उद्धेश्यले आउने पर्यटकहरुका लागि नगरको भौगोलिक अवस्थिती, संस्कृति लगायत वहुआयमिक विषयहरुमा जानकारी गराउन सौराहाबाट बछौली म्यूजियम, जाल्पादेवी मन्दिर, डेरी चोक, भ्रुवानी गाउँ, टरौली, फसेर्नी, वेल्सी, वन्सी, भोकाहा, देवौली, बाघमारा, टेलिफोन टावर हुँदै पुनः सौराहा जोड्ने साईक्लीङ्ग रुटको विकास गरिनेछ । साथै नगर भित्र पर्यटकीय गतिविधी बढाउनका लागि चित्रसेन, मिलिजुली, टिकौली, पंचकन्या सामुदायिक वन हुँदै मनीखोला पुग्ने गरी जंगल सफारी रुटको विकास गरिनेछ ।

७. यस नगरपालिकाको सांस्कृतिक पक्षको संरक्षण र प्रवर्द्धन सहितको पर्यटनलाई बढावा दिन "रत्ननगर सांस्कृतिक ग्राम" (Cultural Village) निर्माण कार्यलाई निरन्तरता दिइ सञ्चालनमा ल्याइनेछ ।

८. नगर क्षेत्रको मौलिक संस्कृति प्रवर्द्धनका लागि पुराना र ऐतिहासिक मन्दिर संरक्षण कार्यक्रम संचालन गरिने छ । परम्परादेखि प्रचलनमा रहेका बाजा, भेषभूषा, परम्परा र संस्कृतिको संरक्षण र प्रवर्द्धनमा जोड दिइनेछ । साथै, स्थानीय मौलिक भाषा, कला तथा साहित्यको संरक्षण र प्रवर्द्धनका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

९. ग्रामीण पर्यटनमा उल्लेख्य महत्व राख्ने होमस्टेलाई स्थानीय संस्कृतिको संरक्षण हुने गरी नमुनाको रुपमा थारु समुदायमा सञ्चालन गरिनेछ ।

१०. रत्ननगर नगरपालिकाको टिकौली चौरमा पर्याप्त चरनको व्यवस्था साथै वन्यजन्तुमैत्री पूर्वाधारको निर्माण गरी कृष्णसार चर्न आउने अवस्थाको सिर्जना गरिनेछ ।

११. चितवन राष्ट्रिय निकुन्ज भित्र पर्ने पुराना पदमपुर क्षेत्रमा ताल निर्माण र घासे मैदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१२. सौराहा क्षेत्रलाई सुन्दर र आकर्षक बनाउन निर्माणाधीन वा निर्माण हुने आवासीय तथा व्यावसायिक भवनहरुमा मशरुम कलरको पेन्ट लगाइसकेपछि मात्र भवन निर्माण सम्पन्न दिने नीति लिइनेछ । साथै, उक्त क्षेत्रमा रहेका अन्य भवनहरुमा मशरुम कलरको पेन्ट लगाउन प्रोत्साहित गर्न रंग उत्पादक कम्पनीसँगको समन्वयमा सहुलियत प्रदान गरिनेछ ।

सुशासन तथा संस्थागत विकास

१. नगरपालिकाबाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त, दुरुस्त र नतिजाउन्मुख बनाउन साथै नगरपालिकामा सुशासन प्रवर्द्धन गर्न लागि रत्ननगर नगरपालिकामा कार्यरत कर्मचारीहरुका लागि कार्य सम्पादनका आधारमा प्रोत्साहन प्रणाली लागु गरिनेछ । साथै, कर्मचारी तथा जनप्रतिनिधिहरुलाई समय सापेक्ष तालिम तथा क्षमता विकासमा जोड दिईनेछ ।

२. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन संगठनात्मक संरचनामा सुधार गरिने छ । जनशक्ति परिचालन तथा विकास, प्रविधिको प्रयोग तथा जनप्रतिनिधीको क्रियाशिलता मार्फत सुशासनको प्रत्याभूती गरिने छ । यसका लागि जनप्रतिनिधीको क्रियाशिलतालाई अभियानका रूपमा संचालन गरिनेछ ।

३. सार्वजनिक सेवा प्रवाहमा र सुशासन स्थापनामा समस्याको रूपमा रहेको भ्रष्टचार विरूद्ध शुन्य सहनशीलताको नीति अबलम्वन गरिनेछ । जनप्रतिनिधी, कर्मचारी, उपभोक्ता समिति लगायत सबै निकायलाई नागरिकप्रति उत्तरदायी बनाउने व्यवस्था मिलाइनेछ ।

४. न्यायिक प्रणालीलाई व्यवस्थित बनाउनका लागी न्यायिक समितिको क्षमता विकास गरिनेछ । वडा तहमा गठित मेलमिलाप केन्द्र लाई अझ सुदृढ बनाइ मेलमिलापको माध्यमबाट सर्वसुलभ रुपमा न्याय निरुपण गरीनेछ ।

५. रत्ननगर नगरपालिकाको सबै वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा डिजिटल हाजिरीको व्यवस्था गरी सो नियमित रुपमा अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

६. नगरपालिकाबाट हुने पत्र व्यवहारलाई इमेलमार्फत गर्न प्रोत्साहन गरिनेछ । साथै, नगरपालिकाको आन्तरिक कार्यप्रणाली र सेवा प्रवाहलाई अटोमेशन गर्ने प्रक्रिया आरम्भ गरिनेछ ।

७. नागरिक तथा जनप्रतिनिधी बिच शहरको विकास र सेवा प्रवाह विषयमा अन्तरक्रिया र छलफल गर्ने तथा नागरिक गुनासो सम्बोधन गर्न "जनप्रतिनिधीसँग जनसरोकारका विषय" कार्यक्रम संचालन गरिनेछ । यसका लागी स्थानीय पत्रपत्रिका, एफ.एम. रेडियो तथा स्थानीय टेलिभिजन कार्यक्रम संचालन गरिनेछ ।

८. संचार क्षेत्र साझेदारी कार्यक्रम अन्तर्गत सेवा प्रवाहमा नागरिक अपेक्षा र जनगुनासो सम्बोधन जस्ता पक्षलाई ध्यान दिईने छ । सुशासन कायम गर्न खुला समाजको स्थापना तथा पारदर्शिता र उत्तरदायी संयन्त्रको प्रर्वद्धनका लागी संचार क्षेत्रसँग वृहत साझेदारी अवलम्बन गरिनेछ ।

९. सरकारको तेस्रो आँखाको रुपमा रहेको पत्रकारिता क्षेत्रमा आवद्ध पत्रकारहरुको क्षमता अभिवृद्धि गर्दै पत्रकार आचारसंहीता, पत्रकारिताको महत्व र चुनौती लगायतका विषयहरुमा जानकारी गराउन प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०. नगर क्षेत्रका पत्रकारहरुबाट समाजमा पुगेको योगदानको कदर गर्दै उनीहरुलाई सम्भावित स्वास्थ्य तथा जीवनसम्बन्धि जोखिमहरुबाट क्षतिपुर्ति दिलाउन दुर्घटना बीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

राजश्व क्षेत्र

१. नगरपालिकाको आन्तरिक श्रोत व्यवस्थापन तथा राजश्व परिचालनका लागि राजश्व प्रशासनमा सुधार गरिनेछ । राजश्व प्रशासनलाई चुस्त, सरल, प्रविधिमैत्री एवम् करदातामैत्री बनाइनेछ । कर चुहावटका

क्षेत्रको पहिचान गर्दै करको दायरा विस्तार गरी कर राजश्व संकलनलाई अभियानका रूपमा अगाडी बढाईनेछ, साथै कर संकलनमा प्रोत्साहनको व्यवस्था गरिनेछ ।

२. राजश्व प्रशासनमा आधुनिक प्रविधिको प्रयोग गरिने छ । कर सूचना प्रणाली मार्फत राजश्व सम्बन्धी तथ्याङ्क अद्यावधिक गरिनेछ र “कर सचेतना कार्यक्रम” संचालन गरिने छ ।

३. *कर तिर्नु कर्तव्य मात्र होइन गौरव पनि हो* भन्ने अवधारणाको विकास गर्न स्वयम् कर निर्धारण पद्धतिमार्फत करदातालाई नै पहिलो कर प्रशासकको रुपमा लिने गरी कर सम्बन्धी कानुनको व्यवस्था गरिनेछ ।

४. नगरभित्र सञ्चालनमा रहेका उद्योग व्यवसाय, घर भाडा सम्बन्धी विवरणहरु राजश्व सुचना प्रणालीमा प्रविष्टि गरिनेछ ।

५. करदाताले घरबाटै नगरपालिकालाई बुझाउनुपर्ने करको जानकारी लिन सक्ने व्यवस्था गरी अनलाइन पेमेन्ट गेटवेबाट राजश्व भुक्तानी गर्न सक्ने व्यवस्था गरिनेछ ।

६. नगरको आन्तरिक राजश्वमा सबैभन्दा धेरै योगदान गर्ने विभिन्न क्षेत्रका करदाताहरुलाई नगरबाट सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

सहकारी क्षेत्र

१. सहकारी क्षेत्रलाई नगर अर्थ व्यवस्थाको महत्वपूर्ण पक्षका रूपमा विकास गरिनेछ । सहकारी क्षेत्र मार्फत हुने श्रोत परिचालनलाई पारदर्शी र विश्वसनीय बनाइनेछ । सहकारी क्षेत्र अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

२. “सहकारी शिक्षा कार्यक्रम” लाई सहकारी क्षेत्रको साझेदारीमा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

३. नगरभित्र सञ्चालित सहकारी संस्थाहरुलाई नियमन र व्यवस्थापन गर्न आवश्यक नियमावली, कार्यविधि तथा मापदण्डहरुको तर्जुमा गरिनेछ ।

४. सहकारी संस्थाहरुको कारोबारलाई पारदर्शी बनाउन सहकारी विभागबाट विकास गरिएको कोपोमिसको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । बचत तथा ऋण सम्बन्धी कारोबार गर्ने सहकारी संस्थाहरुले २०७७ आश्विन मसान्तसम्ममा अनिवार्य रुपमा कोपोमिसबाट रिपोर्टिङ गर्नुपर्ने व्यवस्था गरिनेछ, अन्यथा दण्ड जरिवानाको व्यवस्था गरिनेछ ।

५. सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धिका लागि एकीकरण गर्ने कार्यलाई प्रोत्साहन दिइनेछ । एकीकरण हुने सहकारी संस्थाले नगरपालिकामा बुझाउनु पर्ने करमा २ आर्थिक वर्ष छुटको व्यवस्था गरिनेछ ।

६. नगरभित्र कृषि तथा पशु व्यवसायलाई प्रोत्साहन गर्न २०७७ चैत्र मसान्तभित्र अनिवार्य रुपमा बचत तथा ऋण सम्बन्धी कारोबार गर्ने सहकारी संस्थाहरुले आफ्नो कुल कर्जा प्रवाहको ३० प्रतिशत र कृषिसँग सम्बन्धित सहकारी संस्थाहरुले आफ्नो कुल कर्जा प्रवाहको ७० प्रतिशत कृषि तथा पशु विकास क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरिनेछ ।

७. रत्ननगर नगरपालिकामा रहेका संस्थागत, आर्थिक तथा भौतिक क्षमता तथा पूर्वाधार अभिवृद्धिका लागि कृषि सहकारीहरुलाई मर्ज गरी मेगा सहकारीको परिकल्पनालाई अगाडि बढाइनेछ ।

८. रत्ननगर नगरपालिका भित्रका सहकारी संस्थाहरुले आफ्नो कार्यक्षेत्र नभएका वडाहरुमा पनि आफ्नो उत्पादनको बजारीकरणका लागि बिक्री डिपो राख्न सक्ने व्यवस्था गरिनेछ ।

उद्योग, व्यवसाय तथा रोजगार क्षेत्र

१. साना तथा मझौला उद्योगहरुको संरक्षण र विकास गर्दै स्थानीय क्षेत्रमा रोजगारी अभिवृद्धि गर्न सम्भावित वडाहरु पहिचान गरी साना तथा मझौला उद्योग ग्राम स्थापना गर्ने नीति लिइनेछ ।

२. स्थानीय स्रोत र कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्ने गरी उद्योगको प्रवर्द्धन गर्न विशेष जोड दिइनेछ ।

३. नगरपालिकामा बेरोजगार रहेका व्यक्तिहरुलाई रोजगारी दिलाउन तथा स्वरोजगार प्रवर्द्धन गर्न मागमा आधारित भई तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ । नगरपालिकाभित्र संचालित तालिममा एकरूपता ल्याउन ट्रेनिङ म्यानुअल बनाई कार्यान्वयन गरिनेछ । लक्षित कार्यक्रम अन्तर्गत समुदायमा प्रदान गरिने तालिमलाई नतिजामा आवद्ध गर्न Skill Test विधिको अबलम्बन गरिनेछ ।

४. वैदेशिक रोजगारीलाई सुरक्षित र सहज बनाउन सामी परियोजनासँग लागत साझेदारी गरी जनचेतना जागृत गर्दै रेमिट्यान्सबाट प्राप्त आयलाई उत्पादनमुलक क्षेत्रमा उपयोग गरी रोजगारीको अवसर सिर्जना र जनताको जीवनस्तरमा सुधार गर्दै लगिनेछ ।

५. सामाजिक सांस्कृतिक रुपमा उत्पीडनमा परेमा दलित समुदाय र आर्थिक हिसाबले विपन्न नगरवासीमा उद्यमशीलता प्रवर्द्धन गर्नका लागि नगर प्रमुखसँग उद्यमशीलता प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ । करिव १ हजार जना बेरोजगार युवायुवतीलाई स्वरोजगारको व्यवस्था गरिने र कम्तिमा १ सय युवालाई लक्षित गरी उद्यमशीलता प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

६. सङ्घीय सरकारबाट विशेष महत्व दिई सञ्चालनमा आएको प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको कार्यान्वयनका लागि बेरोजगार सेवा केन्द्रमा सुचीकृत बेरोजगारहरुलाई नगरका विकास निर्माण सम्बन्धि योजनाहरुमा रोजगारीको अवसर प्रदान गरिनेछ । यसका लागि नगरबाट सञ्चालन हुने योजनाहरु कार्यान्वयनका लागि आवश्यक हुने अदक्ष तथा अर्धदक्ष श्रमिकहरुको कम्तिमा १० प्रतिशत सहभागिता सुनिश्चित गरिनेछ ।

७. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस महामारीले रत्ननगर क्षेत्रमा सञ्चालित उद्यम व्यवसायहरुलाई पुऱ्याएको गम्भिर क्षतिलाई मनन गर्दै आ.व. २०७७।०७८ को व्यवसाय कर २०७७ असोज मसान्तभित्र बुझाउने व्यवसायीहरुलाई १५ प्रतिशत छुट दिइनेछ । साथै, विगतका आर्थिक वर्षहरुमा व्यवसाय कर बुझाउन बाँकी रहेका व्यवसायहरुले २०७७ असोज मसान्तभित्र व्यवसाय कर बुझाएमा सम्पूर्ण दण्ड जरिवाना छुट गरिनेछ ।

८. बजारमा बिक्री हुने खाद्य पदार्थहरुको नियमित अनुगमन गरी पोषक तथा स्वास्थ्यवर्द्धक खाद्य पदार्थको उत्पादन र प्रयोगको सुनिश्चितता गरिनेछ ।

सूचना तथा प्रविधि क्षेत्र

१. नगरबाट प्रवाह हुने सेवालाई आधुनिक प्रविधिसँग आवद्ध गरिनेछ । नगरपालिकाका सबै सूचना र तथ्याङ्कलाई Online तथा आधुनिक प्रविधिको प्रयोग मार्फत सरोकारवाला समुदायसम्म पुऱ्याईनेछ ।

नगरक्षेत्र भित्रका विद्यालय, स्वास्थ्य सेवा केन्द्र, कृषि, पशु इकाई तथा अन्य सेवा प्रदायक संस्थालाई Networking गर्न पुर्वाधार विकास गरिनेछ ।

२. नगरपालिका कार्यालयमा इन्टरनेट सेवामा समस्या आउँदा नगरपालिका कार्यालयको सेवा प्रवाह समेत अवरुद्ध हुन सक्ने अवस्थालाई मध्यनजर गरी कार्यालयमा वैकल्पिक इन्टरनेटको व्यवस्था गरिनेछ ।

३. नगरपालिकाबाट प्रवाह हुने सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउन आवश्यक पूर्वाधारलगायतका विषयहरुको सम्बन्धमा विस्तृत कार्ययोजना तयार गरी क्रमश : कार्यान्वयन गरिनेछ ।

४. कार्यालयको सुरक्षाका लागि कार्यालय भवनको सबै कक्षहरु साथै आवश्यक स्थानहरुमा सि सि क्यामेरा जडान गरी नियमित रुपमा निरिक्षण हुने व्यवस्था मिलाइनेछ ।

५. नगरपालिकाको राजमार्ग क्षेत्रमा हुन सक्ने अपराधको निगरानी गर्न उच्च क्षमताको सर्भिलेन्स क्यामराको जडान गरिनेछ ।

सामाजिक सुरक्षा तथा पञ्जीकरण क्षेत्र

१. निश्चित उमेर समुहका जेष्ठ नागरिकलाई राज्यबाट उपलब्ध गराईएको सामाजिक सुरक्षा भत्तालाई Mobile Banking मार्फत घरटोलमा पुऱ्याउने व्यवस्था मिलाईनेछ ।

२. पञ्जिकरण लगायत घटना दर्ता कार्यलाई Online प्रणालीमा आवद्ध गर्ने व्यवस्था निरन्तरता दिइनेछ । पुराना घटना दर्ताहरुलाई यसै आर्थिक वर्षभित्र डिजिटलाइज गर्ने कार्य सम्पन्न गरिनेछ ।

३. सभ्य समाजका लागि कलङ्कको रुपमा रहेको जातीय विभेद तथा छुवाछुतलाई निरुत्साहित गर्न सामाजिक जागरणको कार्यक्रम ल्याइनेछ ।

महिला, बालबालिका तथा समाज कल्याण क्षेत्र

१. जेष्ठ नागरिकलाई नगरपालिकाबाट सम्मान गर्न विशेष कार्यक्रम संचालन गरिनेछ । जेष्ठ नागरिकमा रहेको ज्ञान, सीप र क्षमतालाई प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

२. जेष्ठ नागरिकहरुको जीवनयापन सहज बनाउनका निमित्त ज्येष्ठ नागरिक विश्राम गृह तथा मिलन केन्द्र संचालन गरिने छ ।

३. महिला वर्गमाथि हुने विभेद अन्तका लागी सचेतनामूलक कार्यक्रम संचालन गरिने छ । कार्यस्थलको हिंसा, घरेलु हिंसा, लैङ्गिक तथा यौन हिंसा विरूद्ध अभियान संचालन गरिने छ । महिला हिंसा विरूद्ध शून्य सहनशिलताको नीति अबलम्वन गरिनेछ र न्यायिक क्रियाकलापलाई “द्रुत सुनुवाईको व्यवस्था” मिलाइने छ । महिला सशक्तिकरणका लागि वहस पैरवी गरिने छ ।

४. फरक क्षमता भएका वर्ग र समुदायलाई सीप तथा क्षमता विकास मार्फत मुलप्रवाहीकरण गर्ने व्यवस्था मिलाइनेछ । यसका लागी “वित्तिय, आर्थिक सहयोग तथा लघु उद्यम कार्यक्रम” संचालन गरिनेछ ।

५. अपाङ्गता भएका क र ख वर्गका व्यक्तिहरुलाई वडा कार्यालयहरुमार्फत निःशुल्क स्वास्थ्य वीमा गर्ने व्यवस्था मिलाइनेछ ।

६. अति विपन्न, सीमान्तकृत र अल्पसङ्ख्यक महिलाहरुलाई विशेष प्राथमिकता दिई सीप, क्षमता र दक्षता अभिवृद्धिमार्फत महिला उद्यमीको विकास गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

७. स्थानीय शासन बालमैत्री नगरका लागि आवश्यक पूर्वाधार विकास गरी बालमैत्री नगरपालिका घोषणा गरिनेछ । बालश्रममुक्त नगर तथा बालमैत्री नगरपालिका घोषणा गर्नका लागि आवश्यक मापदण्ड पुरा गर्न लगानीलाई केन्द्रीत गरिनेछ । साथै "बालश्रम विरूद्ध शुन्य सहनशीलता" को नीति अबलम्वन गरिनेछ । साथै जोखिममा रहेका बालबालिकाको उद्धार तथा पुर्नस्थापनाका लागी बालबालिका उद्धार कोष मार्फत व्यवस्था मिलाइनेछ ।

८. नगर भित्र रहेका सार्वजनिक जग्गा संरक्षण गरी सार्वजनिक उपयोगमा ल्याउन एक वार्ड एक बाल उद्यान सहित खोप केन्द्र तथा पुस्तकालय निर्माण गरी शिशु तथा बालबालिकाको स्वास्थ्य, शारिरिक तथा बौद्धिक विकासमा प्रत्यक्ष टेवा पुग्ने कार्यक्रमलाई हरेक वडामा लागु गरिनेछ ।

वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

१. कोरोना भाइरस महामारीको कारण सिर्जना भएको असहज परिस्थितिबाट विपन्न नागरिकहरुको जीवनमा पर्न सक्ने असरलाई मध्यनजर गर्दै राहत वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

२. सफा, हरियाली, फुलैफुलको शहर भन्ने नारालाई सार्थक बनाउन विकासमा समुदाय परिचालनको महत्वलाई आत्मसाथ गर्दै सरसफाई तथा स्वच्छता अभिवृद्धि, सडक किनारा हरियाली तथा पुष्प सौन्दर्य प्रवर्द्धन जस्ता कार्यहरुमा टोल विकास संस्थाहरुलाई परिचालन गरिनेछ । साथै, १६ वटै वडाका उत्कृष्ट टोल विकास संस्थालाई सम्मानसहित पुरस्कारको व्यवस्था गरिनेछ ।

३. विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने कानुनहरु तर्जुमा तथा परिमार्जन गरी कार्यसम्पादनमा सहजता ल्याइनेछ । साथै, पूर्व सुचना प्रणालीको विकास गर्न विशेष पहल गरिनेछ ।

४. सम्भावित विपद व्यवस्थापनका लागि " विपद व्यवस्थापन कोष" को व्यवस्थापन गरी पीडित नागरिकलाई तत्काल राहत उपलब्ध गराइदै आएकोमा सो लाई व्यवस्था मिलाइनेछ ।

५. मानव र वन्यजन्तु बिचको सम्बन्धमा समायानुकुल सुधारका लागी आवश्यक पुर्वाधार निर्माण गरिने छ । वन्यजन्तु र मानिसको अनाधिकृत ओहरदोहरलाई नियन्त्रण गर्न सिमानामा पक्की पर्खाल तथा तारजाली लगाउने कार्यलाई निरन्तरता दिइनेछ । साथै, वन्यजन्तुको आक्रमणबाट निकुञ्ज आसपासका नागरिकको धनजन क्षतिमा राहत उपलब्ध गराउन कार्यान्वयन गरिएको बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. विपद र विकासमा युवा परिचालनको नीति लिइनेछ । विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सबै वडाहरुमा युवा स्वयंसेवकहरु परिचालन तथा व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाइनेछ । विद्यालय तहमा विद्यार्थीहरुलाई संकट व्यवस्थापन सम्बन्धमा तालिम उपलब्ध गराई स्वयंसेवाको भाव वृद्धि गरी उत्प्रेरणा जगाउन अभियान सञ्चालन गरिनेछ । यस अभियानका लागि नेपाली सेनाको रसौली व्यारेक र स्थानीय प्रहरी कार्यालयसँग पनि सहकार्य गरिनेछ ।

७. नगरका अति विपन्न गरीवको खरका छानालाई विस्थापन गरी जस्ता छानामा रुपान्तरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८. अति विपन्न गरीव परिवारलाई शौचालयको पहुँच पुऱ्याउन दिईदैं आएको एक घर एक व्यवस्थित शौचालय निर्माण अनुदान कार्यलाई निरन्तरता दिईनेछ ।

९. ताकिएको क्षेत्रभन्दा वाहेक पार्कीङ गर्ने, प्लास्टीकजन्य पदार्थ जलाउने, तोकिएको क्षेत्रभन्दा वाहेक विज्ञापन सामाग्री राख्ने, फुटपाथमा पसल राख्ने, फुटपाथ तथा सडकमा निर्माण सामाग्री राख्ने, छतको पानी सडकमा फाल्ने, सतही ढलमा शौचालयको ढल मिसाउने, अनावश्यक हर्न बजाउने लगायत

नगरको वातावरण विगार्ने गतिविधि गर्नेलाई कडा दण्ड तथा जरिवाना गरी नियन्त्रण गर्ने नीति लिइनेछ ।

१०. नगरपालिकाको सुन्दरता र वातावरणीय स्वच्छताका लागी फोहरमैला व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ । फोहरलाई श्रोतमा वर्गीकरण गर्ने, उर्जामा रूपान्तरण गर्ने, प्राङ्गारिक मल बनाउने जस्ता नविनतम प्रविधिलाई आत्मसात गरिनेछ । यसका लागी सरकारी, गैह्रसरकारी, निजी तथा सहकारी क्षेत्रसँग विशेष साझेदारीको नीति अबलम्वन गरिनेछ । साथै वातावरण अनुकुल कार्यक्रम गर्ने सहकारीलाई पुरस्कृत गरीनेछ ।

११. नगरमा सञ्चालित वर्कशपहरुको सञ्चालनमा एकरुपता ल्याई नगरको वातावरण प्रदुषण न्युनीकरण एवम् शहरी सौन्दर्यलाई कायम राखी छरिएर रहेका वर्कशपहरुलाई एकीकृत रुपमा सञ्चालन गर्न आवश्यक पूर्वाधारसहितको सुविधासम्पन्न अटो भिलेज निर्माणका लागि आगामी आर्थिक वर्षमा सम्भाव्यता अध्ययन गरी निर्माणका लागि पहल गरिनेछ ।

१२. नगर क्षेत्रमा जैविक विविधता प्रवर्द्धन गर्न, रैथाने बोट विरुवा लगायत अन्य वनस्पतिको संरक्षण, प्रवर्द्धन तथा अध्ययन अनुसन्धान गर्न नगर क्षेत्रमा बोटानिकल गार्डेन स्थापनाका लागि सम्भाव्यता अध्ययन गरी निर्माण प्रक्रिया अगाडि बढाइनेछ ।

१३. नगरभित्रका नागरिकहरुलाई दाउराको प्रयोगबाट उत्सर्जन हुने धुँवाबाट उत्पन्न हुने रोगहरुलाई न्यूनिकरण गर्नका लागि गरिब र बिपन्न घरधुरीलाई सुधारिएको चुल्हो वितरण गरिनेछ ।

धन्यवाद ।

..................
(नारायण वन)
नगर प्रमुख

मिति २०७७ आषाढ १० गते बुधवार ।